पर्यटकिय नगरी
TOURISTIC MUNICIPALITY
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
कृषि सेवा शाखा
AGRICULTURE SERVICE SECTION

फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल ।
Fikkal, Ilam, Koshi Province, Nepal

प.सं-२०८०/८१
चलानी नं.

सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि सेवा शाखा फिक्कल, इलाम

## माटो परीक्षण शिविर संचालन सम्बन्धी सूचना !!!
## प्रथम पटक प्रकाशित मिति:२०८०।११।२७

सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि सेवा शाखाले निःशुल्क माटो शिविर (माटो जाँच) कार्यक्रम सञ्चालन गर्न लागेको हुँदा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। माटो परीक्षण गर्न गराउन इच्छुक कृषकहरूले आफ्नो खेतबारीको माटोको नमुना यसै सूचना साथ संलग्न "माटोको नमुना सङ्कलन गर्ने तरिका" बमोजिम सङ्कलन गरी यो सूचना प्रकाशित भएको १५ दिन अर्थात् मिति २०८१।१२।१३ गते भित्र सूर्योदय नगरपालिका कृषि सेवा शाखा वा सम्बन्धित वडा कार्यालयमा ल्याउनुहुन सूचित गरिन्छ। थप जानकारीको लागि यस शाखाको फोन नं. ०२७-५४०४४८ मा सम्पर्क गर्न सकिने छ।

माटोको नमुनामा राख्नुपर्ने विवरण

१. कृषकको नाम र सम्पर्क नं.
२. ठेगाना
३. खेतबारीको नाम वा कित्ता नं
४. नमुना लिएको मिति
५. नमुना सङ्कलन गर्नुभन्दा पहिले लगाइएको वाली
६. माटोको नमुना सङ्कलन गरिएको जमिनमा सिचाई को सुविधा रहेको/नरहेको
७. माटोको नमुना सङ्कलन भएको जमिनमा पानीको निकास सुविधा रहेको/ नरहेको
८. मल खादको प्रयोग गरिएको मात्रा
९. नमुना सङ्कलन गरेको जमिनमा लगाइएका वाली मा देखिएको समस्या
१०. नमुना सङ्कलन गरिएको जमिन खेत वा वारी

नोट: नमुनाको लागि सङ्कलन गरिएको माटो नभिजेको, धुलो बुर्बुराउदो कम्तीमा आधा के.जि. हुनुपर्नेछ। साथै माटोको नमुना सङ्कलन गर्ने विधि यसैसाथ संलग्न गरिएको छ।

प्रज्ञा पोख्रेल
कृषि अधिकृत (छैठौं)